**संयुक्त राष्ट्र संघ** **सिसिपिआर**

**नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**

बितरण: सीमित*
सिसिपिआर/सि/९४/डि/१४६९/२००६
नोभेम्बर ६, २००८
मूल प्रति: अँग्रेजी

**मानव अधिकार समिति**
**समितिको ९४ औं सत्र**
**अक्टोबर १३—३१, २००८**

**अभिमत**

**उजुरी नं: १४६९/२००६**

| | |
|---|---|
| पेश गर्ने: | यशोदा शर्मा (एड्भोकेसी फोरम-नेपालद्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित भनी दाबी गरिएको: | उजुरीकर्ता र उनको पति सूर्य प्रसाद शर्मा |
| पक्ष राष्ट्र: | नेपाल |
| उजुरी मिति: | अप्रिल २६, २००६ (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरू: | मे ९, २००६ मा पक्ष राष्ट्रलाई पठाइएको विशेष प्रतिवेदकको नियम ९१ अन्तर्गतको निर्णय (कागजातको रुपमा जारी नभएको) |
| अभिमत ग्रहण गरिएको मिति: | अक्टोबर २८, २००८ |
| विषयवस्तु: | बेपत्ता पार्ने कार्य, अज्ञात हिरासत |
| सारभूत विषयः | बाँच्न पाउने अधिकार, यातना, क्रुर, अमनावीय वा अपमानजनक व्यवहारमा प्रतिबन्ध; व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार; मानव व्यक्तिमा निहित मर्यादाको आदर |
| कार्यविधिगत विषय: | घरेलु उपचारको उपयोग नभएको |
| प्रतिज्ञापत्रको धारा: | धारा २(३) एवम् धारा ६, ७, ९ र १० समेत |
| स्वेच्छिक प्रोटोकलको धारा: | धारा ५(२(ख)) |

मानव अधिकार समितिले अक्टोबर २८, २००८ मा उजुरी नं. १४६९/२००६ को सम्बन्धमा स्वेच्छिक प्रोटोकलको धारा ५, प्रकरण ४ अन्तर्गतको अभिमतको रुपमा अनुसूचीको पाठ ग्रहण गरेको छ।

* मानव अधिकार समितिको निर्णयबाट सार्वजनिक गरिएको।
जीई. ०८-४४९८३

**(अनुसूची)**

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५, प्रकरण ४ अन्तर्गत देहायको उजुरीका सम्बन्धमा मानव अधिकार समितिले ग्रहण गरेको अभिमत (९४ औं सत्र)**

**उजुरी नं: १४६९/२००६***

पेश गर्ने: यशोदा शर्मा (एड्भोकेसी फोरम-नेपालद्वारा द्वारा प्रतिनिधित्व गरिएको)

पीडित भनी दाबी गरिएको: उजुरीकर्ता र उनको पति सूर्य प्रसाद शर्मा

पक्ष राष्ट्रः नेपाल

उजुरी मिति: अप्रिल २६, २००६ (शुरूमा पेश गरिएको)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ अन्तर्गत स्थापित मानव अधिकार समितिको,

अक्टोबर २८, २००८ मा बसेको बैठकले,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अन्तर्गत यशोदा शर्माको तर्फबाट मानव अधिकार समिति समक्ष पेश गरेको उजुरी नं. १४६९/२००६ को उजुरी उपर विचार विमर्श गरी,

समितिलाई उजुरीकर्ता र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएका सबै लिखित सूचनालाई दृष्टिगत गर्दै,

देहायको अभिमत ग्रहण गरेको छ:

---

* प्रस्तुत उजुरीको छानबीन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियो: श्री अबदेलफत्ताह अमोर, श्री प्रफुल्लचन्द्र नटवरलाल भगवती, श्री क्रिष्टिन चनेट, श्री मौरिस ग्लेले अहानहान्जो, श्री युजी इवाशावा, श्री हेलेन केलर, श्री इयुलिया एन्टोएनेल्ला मोटोक, श्री माइकल ओ फ्लाहर्ती, श्री इलिजाबेथ पाम, श्री रफेल रिभास पोसादा, श्री नीगेल रोडले र श्री ईभान शेयरर।

**स्वेच्छिक प्रोटोकलको धारा ५, प्रकरण ४ अन्तर्गतको अभिमत**

१.१ आफ्नो र आफ्नो बेपत्ता पति, सेप्टेम्बर २७, १९६३ मा जन्मिएका सूर्य प्रसाद शर्माको तर्फबाट अप्रिल २६, २००६ मा पेश गरिएको उजुरीको उजुरीकर्ता मे ३, १९६७ मा नेपालमा जन्मिएकी श्रीमति यशोदा शर्मा हुन् । उनले आफ्नो पतिको बेपत्ताको सम्बन्धमा विस्तृत अनुसन्धान नगरेर नेपालले प्रतिज्ञापत्रको धारा ६, ७, ९ र १० को साथसाथै धारा २(३) को उल्लंघन गरेको दाबी गरेकी छन्। उजुरीकर्ताको प्रतिनिधित्व कानून व्यवसायी, एड्भोकेसी फोरम-नेपालद्वारा गरिएको छ। नेपाल प्रतिज्ञापत्र र सोको स्वेच्छिक प्रोटोकलको मे १४, १९९१ देखि पक्ष रहेको छ।

१.२ फेब्रुअरी १२, २००८ मा पक्ष राष्ट्रले उजुरीको ग्राह्यतालाई मुख्य कानूनी प्रश्नबाट अलग गरी जाँचबुझ गर्न अनुरोध गरेको थियो। फेब्रुअरी २९, २००८ मा समितिको तर्फबाट नयाँ उजुरी सम्बन्धी विशेष प्रतिवेदकले यस मुद्दाको ग्राह्यता र मुख्य कानूनी प्रश्नलाई एकै साथ विचार गर्नुपर्ने भनी निर्णय गरेका छन्।

**उजुरीकर्ताद्वारा प्रस्तुत तथ्य**

२.१ नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को समर्थकको रुपमा पाँच वर्षसम्म लुकेर बसेपछि उजुरीकर्ताको पति जनवरी १२, २००२ मा घर फर्के। केही मूल धारका राजनीतिक नेताहरुको समर्थनमा उनले आत्मसमर्पण गर्ने गरी निवेदन तयार गरियो र उनलाई जनवरी १४, २००२ मा प्रमुख जिल्ला अधिकारीको कार्यालय, बाग्लुङ्गमा सो निवेदन पेश गर्न भनियो। सोही दिनको बिहान ५:०० बजे १०-१५ जना पोशाकधारी सेनाका जवानहरु बाग्लुङ्ग जिल्लाको श्रीनगर टोलमा उजुरीकर्ताको निवासमा आए।उनीहरुले उजुरीकर्ता र उनको पतिलाई उठाए। मुख्य सहसेनानी (नाम थाहा नभएको) र अन्य सैनिक घरभित्र प्रवेश

गरे र उजुरीकर्ताको पतिलाई विस्ताराबाट निकाले। त्यसपछि उनलाई हिरासतमा लिइयो र उनलाई सोधपुछको लागि सेनाको ब्यारेकमा लगिने जानकारी गराइयो। त्यसपछि सैनिकहरुले घरमा हातहतियार र माओवादी सम्बद्ध कागजातको लागि खानतलासी गरे। उनीहरुले केही पनि भेटेनन्। सैनिकहरुले उजुरीकर्ताको पति सहित त्यहाँबाट निस्केपछि उजुरीकर्ताले कालीदल गुल्म सैनिक ब्यारेकसम्म उनीहरुलाई पछ्याइन् र त्यहाँ उनले आफ्नो पतिलाई भित्र लगेको देखिन्। उनलाई ब्यारेकभित्र पस्न दिइएन तर सोधपुछ पछि उनको पतिलाई छाडिदिने भनी जानकारी दिइयो।

२.२ जनवरी १५, २००२ मा उजुरीकर्ताले आफ्नो पतिको लागि खाना र न्यानो कपडा लिएर सैनिक ब्यारेकमा गइन्। उनलाई आफ्नो पतिलाई भेट्ने अनुमति दिइएन। सेनाले उनलाई उनको पति सुरक्षित रहेको जानकारी समेत दिए। जनवरी २०, २००२ मा पुन: उनलाई ब्यारेकमा उनको पतिलाई भेट्न रोक लगाइयो। सोही दिन एक जना सैनिक उनको पतिले सूर्ति लिन पठाएको भनी उनको घरमा आए। सैनिकले आफ्नो परिचय खुलाएनन्। तथापि, उनले श्री शर्माले रुचाउने सूर्तिको नाम किटेर मागे। उनले उनको पतिलाई कुटिएको र उनको पतिको तर्फबाट आफू उनलाई भेट्न आएको बारेमा कसैलाई पनि नभन्न भने। जनवरी २२, २००२ मा उजुरीकर्ताले ब्यारेकमा आफ्नो पतिलाई गम्भीर यातना दिइएको हल्ला सुनिन्।

२.३ जनवरी २३, २००२ मा उजुरीकर्ता र उनकी सासुले पुन: उनको पतिलाई भेट्ने प्रयास गरे। ढोकामा रहेका सैनिक ब्यारेकभित्र गई बाहिर आएपछि श्री शर्मा जनवरी २१, २००२ मा माओबादी लुकेका ठाउँ पत्ता लगाउन अमलेचौर गाउँमा लैजाँदै गर्दा भागेको भन्ने

जानकारी दिए। उनले सेनानी चन्द्र बहादुर पुनले उनलाई भनेको श्री शर्मा भाग्दा कालीगण्डकी नदीमा डुबेको भन्ने कुरा दोहोऱ्याए ।

२.४ फेब्रुअरी २, २००२ मा सेनानी चन्द्र बहादुर पुनलाई भेट्न उजुरीकर्ता ब्यारेकमा आइन्। उनले आफ्नो पति कुन कसूरमा थुनामा राखिएको हो, र उनको स्वास्थ्य स्थिति के कस्तो छ भन्ने सम्बन्धमा सोधपुछ गरिन्। सेनानीले अन्य माओवादी "आतंककारी" पहिचान गर्न सैनिक गस्तीसँगै श्री शर्मालाई लगिएको र सोही समयमा उनी भागेको कुरा नै बताए। सशस्त्र बलले मारिसकेको हुनसक्ने भनी उजुरीकर्ताले उनको शरीरको बारेमा सोधपुछ गरिन्। सेनानीले हत्या भएको कुरा इन्कार गरे, र थप जानकारी दिन अस्वीकार गर्दै उनलाई त्यहाँबाट जान भने।

२.५ फेब्रुअरी ३, २००२ मा उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारीलाई सम्पर्क गरिन् र आफ्नो पतिलाई कुन कानून अन्तर्गत थुनामा राखेको हो भन्ने प्रश्न गरिन्। प्रमुख जिल्ला अधिकारीले संकटकालीन अवस्था लागू भएको कारणले उनको पतिको अवस्थाको बारेमा विस्तृत जानकारी दिन नसक्ने बताए। फेब्रुअरी ४, २००२ मा उजुरीकर्ता आफ्नो पतिको बारेमा जानकारी पाउन जिल्ला प्रहरी कार्यालय, बाग्लुङ्गमा पुगिन् । तर त्यहाँ उनको मुद्दा सुन्ने समय नभएको भनियो। उनले सम्बन्धित निकायहरुबाट जानकारी हासिल गर्न निरन्तर रुपमा प्रयत्न गरिन्।

२.६ फेब्रुअरी १२, २००२ मा एमनेष्टी इन्टरनेशनले श्री शर्माको लागि तत्काल कारवाहीको लागि अनुरोध गऱ्यो। सेप्टेम्बर ९, २००२ मा उजुरीकर्ताले राष्ट्रिय मानव अधिकार आयोग समक्ष निवेदन दिइन्। जनवरी २०, २००६ मा आयोगले सम्बन्धित अधिकारीहरुलाई सम्पर्क

गरेको तर श्री शर्माको बारेमा कुनै थप जानकारी हासिल गर्न नसकेको भनी उजुरीकर्तालाई जानकारी दियो। विभिन्न मितिहरुमा उजुरीकर्ताले अन्य थुप्रै मानव अधिकार संस्थाहरुमा समेत सम्पर्क गरिन् तर कुनै पनि संस्थाले उनलाई सहयोग गर्न सकेनन्।

२.७ फेब्रुअरी ४, २००३ मा उजुरीकर्ताले गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सैनिक मुख्यालय, जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग, जिल्ला प्रहरी कार्यालय, बाग्लुङ्ग र खड्गदल ब्यारेक, बाग्लुङ्ग बिरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट निवेदन दायर गरिन्। फेब्रुअरी ५, २००३ मा सर्वोच्च अदालतले प्रत्यर्थीको नाममा पीडित भनिएको व्यक्तिको थुनाको कारण उपलब्ध गराउन कारण देखाउ आदेश जारी गऱ्यो। फेब्रुअरी र अप्रिल २००३ को बीचमा अदालतले सबै प्रत्यर्थीहरुको लिखित जवाफ प्राप्त गऱ्यो। जिल्ला प्रशासन कार्यालयको उल्लेखनीय अपवाद बाहेक सबैले श्री शर्मालाई पक्राउ गरिएको र थुनामा राखिएको कुरा अस्वीकार गरे। उनीहरुले उनको पक्राउको कुनै आदेश जारी नगरेको, उनलाई पक्राउ नगरेको र गैरकानूनी थुनामा नराखेको उल्लेख गरे। साथै, उनीहरुले रीट निवेदन खारेज गर्नुपर्ने माग गरे। जिल्ला प्रशासन कार्यालयको सम्बन्धमा सो कार्यालयको अभिलेखबाट सुरक्षा बलले श्री शर्मालाई पक्राउ गरेको र गस्तीमा हुँदा भाग्ने क्रममा नदीमा हाम फालेको र त्यसपछि फिर्ता नआएको देखिन्छ भनी जवाफमा उल्लेख गरेको छ। सर्वोच्च अदालतले जिल्ला प्रशासन कार्यालयबाट थप विवरण माग गऱ्यो। अप्रिल २, २००३ को जवाफमा प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रशासन कार्यालयले जनवरी २१, २००२ मा श्री शर्मासँगको कालीदल ब्यारेकको सैनिक गस्ती गर्दा साँझको ४ बजेतिर दोभानमा पुग्दा उनीहरु माओवादीले बिछ्याएको बम बिष्फोटनमा परे, सोही बेला श्री शर्माले भाग्ने कोशिस गर्दै नदीमा हाम फाले र फर्केनन्, उनी नदीमा डुबे भन्ने अनुमान

गरियो भन्ने उल्लेख गरेका छन्। जिल्ला प्रशासन कार्यालयले सो घटनाको बारेमा उजुरीकर्तालाई मौखिक रुपमा जानकारी  दिइएको भनी उल्लेख गरेको छ।

२.८ सर्वोच्च अदालतले महन्यायाधिवक्ताको कार्यालय मार्फत उपलब्ध गराउन थप विवरण माग गऱ्यो र श्री शर्माको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको विवरण बमोजिम नै जवाफ प्राप्त भयो। साथै, कालीदल गुल्म ब्यारेक अर्कै ठाउँमा सरिसकेको र बाग्लुङ्गमा खड्गदल गुल्म ब्यारेक आएको पनि जानकारी गरायो। तसर्थ, खड्गदल गुल्मले सूर्य प्रसाद शर्मालाई पक्राउ गरेको पनि होइन र सूर्यको मुद्दाको बारेमा अघिल्लो ब्यारेकबाट कुनै पनि जानकारी प्राप्त नभएको भन्ने उल्लेख गरियो। नोभेम्बर १२, २००३ मा सर्वोच्च अदालतले पुन: जिल्ला प्रशासन कार्यालयलाई श्री शर्माको पक्राउ कुन कानून अन्तर्गत भएको हो स्पष्ट खुलाई पठाउन आदेश जारी गऱ्यो। जिल्ला प्रशासन कार्यालयबाट उनलाई सुरक्षा बल, मुख्यत: कालीदल गुल्म ब्यारेकका बलले प्रमुख जिल्ला अधिकारीको आदेश वा कार्य अन्तर्गत नभई उनीहरुको आफ्नो अनुसन्धानको उद्देश्यले पक्राउ गरेको भन्ने जवाफ प्राप्त भयो। प्रमुख जिल्ला अधिकारीले सोधपुछको लागि कुनै पनि व्यक्तिलाई पक्राउ गर्न  र थुनामा राख्न सकिने र सोही अवधिमा श्री शर्माको मृत्यु भएको उल्लेख गरे।

२.९  सेप्टेम्बर १२, २००४ मा बेपत्ता भएका व्यक्तिको जाँचबुझ गर्ने मलेगु आयोग (बेपत्ता भएका व्यक्तिहरुको अवस्थिति सार्वजनिक गर्न २००४ मा गठन गरिएको) ले प्रकाशित गरेको बेपत्ता भएका व्यक्तिहरुको सूचीमा श्री शर्माको नाम समावेश थियो, र त्यसमा प्रमुख जिल्ला अधिकारीको प्रतिक्रिया समेत थियो। गृह मन्त्रालयको फेब्रुअरी २, २००५ को पत्रले जिल्ला प्रशासन कार्यालयको प्रतिक्रियालाई समर्थन गरेको थियो र श्री शर्मा सैनिक हिरासत वा उनीहरुको नियन्त्रणमा नरहेको पुष्टि गऱ्यो।

२.१० फेब्रुअरी १६, २००५ मा सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरणको रीट निवेदन खारेज गर्‍यो। कुन आधारबाट रीट निवेदन खारेज भयो भन्ने जानकारी प्राप्त गर्न उजुरीकर्ताले सात महिनासम्म प्रतिक्षा गर्नुपर्‍यो।सेप्टेम्बर २३, २००५ मा उनलाई निर्णयको प्रतिलिपि उपलब्ध गराइयो, जसमा श्री शर्मा नदीमा डुबेको, उनी हिरासत वा राज्यको नियन्त्रणमा नरहेको र सो कारणले रीट निवेदन जारी गर्ने आवश्यकता नभएको उल्लेख थियो।सर्वोच्च अदालतले विपक्षीहरुलाई बन्दी प्रत्यक्षीकरणको रीट निवेदनले मृत्युको कारण माग गरे तापनि श्री शर्माको शरीर उपलब्ध गराउन बाध्य पार्न कुनै कारवाही गरेन।

## उजुरी

३.१ उजुरीकर्ताले आफूलाई धारा २(३) को उल्लंघनको प्रभावकारी उपचार उपलब्ध नगराइएको दाबी गरेकी छन्। उनको पतिको बेपत्ताको विस्तृत अनुसन्धान भएन। संकटकालीन अवस्थाको घोषणा भएको अवस्थामा उनको पतिलाई पक्राउ गरिएको भए तापनि प्रतिज्ञापत्रको धारा ४ अनुसार धारा ६, ७, ८, ११, १५ र १८ निलम्बन गर्न सकिंदैन र कुनै पनि अवस्थामा उनको पतिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य गर्नुपर्ने गरी संकटकालीन स्थिति नरहेको पनि उजुरीकर्ताले उल्लेख गरेकी छन्। उनले थुनुवाहरुको अद्यावधिक र यथार्थ अभिलेख राख्न नसक्दा थुनुवाहरु माथि यातना र अन्य दुर्व्यवहार हुन सक्ने सम्भावना बढेको तर्क गरेकी छन्। सर्वोच्च अदालतले अनुसन्धानको लागि आदेश गरेन न त अपराधीलाई न्यायको दायरामा नै ल्यायो। उजुरीकर्ताले वि. सं. २०५३ को यातना सम्बन्धी क्षतिपूर्ति ऐन अन्तर्गत पीडितलाई दिइएको यातनाको विवरण उपलब्ध गराउनुपर्ने हुन्छ र त्यस्ता जानकारी सामान्यतया उपलब्ध हुन सक्दैन जसले गर्दा यो ऐनले सीमित सहयोग मात्र गर्न सक्ने तर्क समेत गरेकी छन्। उनले समितिले प्रभावकारी उपचार उपलब्ध गराउन

नसक्नु स्वयंमा नै प्रतिज्ञापत्रको उल्लंघन हो भनी यस अघि निर्णय गरेको कुरालाई समेत स्मरण गरेकी छन्।[१]

३.२ आफ्नो पतिको बेपत्ताको सम्बन्धमा अनुसन्धान गर्न राष्ट्र असफल भएकोले धारा ६ अन्तर्गतको दायित्व उल्लंघन भएको उजुरीकर्ताको दाबी छ। बेपत्ता पार्ने कार्यलाई रोक्ने उपाय अवलम्बन गर्ने र प्रभाकारी अनुसन्धान गर्ने धारा ६ अन्तर्गतको राष्ट्रको दायित्वलाई उनले उल्लेख गरेकी छन्।[२] उजुरीकर्ताको पतिलाई माओवादी नियन्त्रण क्षेत्रमा गस्तीमा लैंजादा उनको व्यक्तिगत सुरक्षालाई सेनाले प्रत्यक्ष जोखीममा पारेको थियो। उनलाई कथित डुब्नबाट बचाउन पनि राष्ट्रले कुनै उपाय अवलम्बन गरेन। उजुरीकर्ताको पति सेनाको हिरासतमा रहँदा उनलाई के भयो भन्ने सम्बन्धमा आजसम्म पनि कुनै स्वतन्त्र प्रतिवेदन उपलब्ध छैन। सर्वोच्च अदालतलाई दुई परस्पर विरोधाभाषपूर्ण प्रतिक्रिया उपलब्ध गराइएको कुरा उजुरीकर्ताले टिपोट गरेकी छन्। धेरैजसो निकायहरुले उनको पतिलाई कहिल्यै पनि पक्राउ नगरेको वा थुनामा नराखेको दाबी गरेका थिए भने प्रमुख जिल्ला अधिकारीले उनी भाग्न खोज्दा नदीमा डुबेको जनाएका थिए।

३.३ उनको पतिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य र उनी प्रति गरिएको दुर्व्यवहारले धारा ७ को उल्लंघन भएको उजुरीकर्ताको दाबी छ। उनको पतिलाई कहिल्यै पनि हिरासत भएको औपचारिक रुपमा स्थापित थुनुवा स्थलमा राखिएन। परिवारले उनलाई राखेको वास्तविक स्थानको बारेमा कहिल्यै थाहा पाएनन्। उनको नाम, थुनामा राखिएको स्थान र उनको

---

[१] हेर्नुहोस्; उजुरी नं ९०/१९८१, Luyeye Magana ex-Philibert v. Zaire, जुलाई २१, १९८३ मा पारित अभिमत, प्रकरण ८।

[२] हेर्नुहोस् उजुरी नं ४४९/१९९१, Rafael Mojica v. Dominican Republic,जुलाई १५, १९९४ मा पारित अभिमत, प्रकरण ५.५: र उजुरी नं. ५४०/१९९३, Celis Laureano v. Peru, अप्रिल १६, १९९६ मा पारित अभिमत, प्रकरण ८.३।

थुनाको लागि जिम्मेवार व्यक्तिहरुको नाम कहिल्यै पनि उनको नातेदारले हेर्न पाउने गरी अभिलेख गरिएन।[3] प्रमुख जिल्ला अधिकारीले उनलाई सोधपुछ गर्ने उद्देश्यको लागि कुनै अभियोग बिना नै छोटो समयको लागि थुनामा राखिएको भने तापनि उनको स्थिति सबै समयमा पत्ता लगाउन सकिने हुनुपर्ने हो। उनको पतिलाई पक्राउ गरिएको र अज्ञात हिरासतमा राखिएको कार्यबाट धारा ७ को उल्लंघन भएको उजुरीकर्ताको तर्क छ।[4] साथै, उनको पतिलाई बेपत्ता पारिएकोबाट उनलाई परेको पीडा पनि धारा ७ को उल्लंघन हो।[5]

३.४ पक्राउ पूर्जी बीना नै उनको पतिलाई पक्राउ गरिएको र पक्राउ गर्नुको कारणको बारेमा जानकारी नदिइएकोबाट धारा ९ अन्तर्गतको आफ्नो पतिको अधिकार उल्लंघन भएको उजुरीकर्ताले दाबी गरेकी छन्। उनलाई कुनै पनि अभियोग लगाइएन। साथै, उनलाई जनवरी १४, २००२ र जनवरी २१, २००२ बीच अज्ञात अवस्थामा राखियो र उनको मृत्यु भयो भनियो। उनले कानून व्यवसायीसँग परामर्श गर्ने अवसर पनि पाएनन् न त आफ्नो थुनाको वैधतालाई चूनौति दिन नै सके।

३.५ बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएकोले आफ्नो पतिको धारा १० अन्तर्गतको अधिकार उल्लंघन भएको उजुरीकर्ताको दाबी छ।

---

[3] हेर्नुहोस् मानव अधिकार समिति, सामान्य टिप्पणी नं २०, प्रकरण ११।

[4] हेर्नुहोस् उजुरी नं ९५०/२०००, Sarma v. Sri Lanka, जुलाई १६, २००३ मा पारित अभिमत, प्रकरण ९.५; र उजुरी नं. ४४०/१९९०, El-Megreisi v. Libyan Arab Jamahiriya, मार्च २३, १९९४ मा पारित अभिमत, प्रकरण ५.४।

[5] हेर्नुहोस् उजुरी नं १०७/१९८१, Quinteros Almeida v. Uruguay, जुलाई २१, १९८३ मा पारित अभिमत, प्रकरण १४।

३.६ घरेलु उपचारको उपयोग गरिनसकेको भन्ने विषयका सम्बन्धमा हेर्दा, उनको पतिको थुनाको कारण र उनलाई राखिएको स्थान पत्ता लगाउन उनले बन्दी प्रत्यक्षीकरणको रिट निवेदन मार्फत उपचार प्राप्त गर्ने प्रयत्न गरेको उजुरीकर्ताले टिपोट गरेकी छन्। त्यो प्रयत्न असफल भयो। न्याय प्रशासन ऐन, २०४८ अन्तर्गत सर्वोच्च अदालतले मुद्दाको दुई वटा आधारमा आफ्नो फैसला वा निर्णय पुनरावलोकन गर्न सक्छ: मुद्दाको फैसला गर्न महत्वपूर्ण तथ्य मुद्दा किनारा भएपछि मात्र थाहा भएको वा सो फैसला वा निर्णय सर्वोच्च अदालतबाट स्थापित नजिर/कानूनी सिद्धान्त प्रतिकूल भएको देखिएमा। तथापि, प्रस्तुत मुद्दामा कुनै पनि नयाँ तथ्य उत्पन्न नभएको र प्रत्यर्थीले पक्राउ गरेको र थुनामा राखेको कुरा अस्वीकार गरेको अवस्थामा बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरु खारेज गर्ने गरी यस अघि थुप्रै निर्णयहरु भएको हुँदा प्रस्तुत मुद्दामा उजुरीकर्ताले उल्लिखित कुनै पनि आधारमा फैसला वा निर्णयको पुनरावलोकन माग गर्न सक्दिनन्। उजुरीकर्ताले राष्ट्रिय मानव अधिकार आयोग र मलेगु आयोगलाई समेत अनुरोध गरेको भए तापनि उनले कुनै सफलता पाइनन्। सबै घरेलु उपचार उपयोग गरिसकेको भन्ने उजुरीकर्ताको विचार छ।

३.७ उनको पतिको अवस्था निर्धारण गर्न र परिवारलाई सोको जानकारी उपलब्ध गराउन निष्पक्ष निकायबाट उनको पतिलाई बेपत्ता पारिएको सम्बन्धमा विस्तृत अनुसन्धान गरिएको सुनिश्चित गर्न पक्ष राष्ट्रलाई सिफारिश गर्न उजुरीकर्ताले समितिलाई अनुरोध गरेकी छन्। सो जानकारीको आधारमा उजुरीकर्तालाई रिहा गर्नुपर्छ।उनको हत्या भएको पुष्टि भएमा न्यायको प्रक्रियामा अवरोध गरे बापत र उजुरीकर्ताको पतिको मृत्युको कारक बापत उनको पतिको मृत्युको लागि जिम्मेवार व्यक्तिहरुको पहिचान गरी, तिनीहरु विरुद्ध मुद्दा चलाई तिनीहरुलाई दण्डित गर्नुपर्छ। परिवारले पूर्ण र पर्याप्त परिपूरण प्राप्त गरेको पक्ष राष्ट्रले सुनिश्चित गर्नुपर्छ।

उजुरीको ग्राह्यताको सम्बन्धमा पक्ष राष्ट्रको धारणा

४.१ आतङ्ककारी क्रियाकलापमा उजुरीकर्ताको पतिको संलग्नताको सम्बन्धमा सोधपुछ गर्नको लागि उजुरीकर्ताको पतिलाई सुरक्षा बलले पक्राउ गरेको कुरा पक्ष राष्ट्रले फेब्रुअरी १२, २००८ को कूटनीतिक पत्र मार्फत स्मरण गरेको छ। जनवरी २१, २००२ मा बाग्लुङ्ग जिल्लाको अमलेचौर क्षेत्रमा बिद्रोहीहरुको पहिचान गर्न र उनीहरु लुकेर बसेको स्थान देखाउन सुरक्षा बलसँगै गएको बेलामा उनीहरु एम्बुसमा परेको र उनीहरु माथि बिद्रोहीहरुले आक्रमण गरे। त्यस्तो अवस्थाको फाइदा लिदैं उजुरीकर्ताको पति कालीगण्डकी नदीमा हाम फाले र यसरी भाग्न खोज्दा डुबे। उनी नदीबाट बाहिर आएनन् र उनी डुबेको भन्ने अनुमान गरियो।

४.२ पक्ष राष्ट्रले दुई वटा आधारमा उजुरीको ग्राह्यतालाई चूनौति दिएको छः पहिलो, उजुरीकर्ताले घरेलु उपचार उपयोग गरिनसकेको भनी पक्ष राष्ट्रले तर्क गरेको छ। उजुरीकर्ताको लागि विद्यमान देवानी र फौजदारी कार्यविधि उपलब्ध रहेको पक्ष राष्ट्रले दाबी गरेको छ। कुनै पनि कानूनी कारवाहीको प्रारम्भको बिन्दुको रुपमा रहेको जाहेरी दरखास्त दर्ता गराई फौजदारी कारवाहीको प्रारम्भ उजुरीकर्ताले गरेकी छैनन्। त्यसरी जाहेरी दरखास्त दिइएको भए जिल्ला सरकारी वकिलको कार्यालयको मातहतमा मुद्दाको अनुसन्धान तत्काल हुन्थ्यो। उजुरीकर्ता जिल्ला अदालत र त्यसपछि पुनरावेदन अदालत जान सक्ने अवस्था रहन्थ्यो। पुनरावेदन अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था छ।

4.3 सामान्य कारवाहीको मार्ग अवलम्बन नगरिकन उजुरीकर्ताले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको कुरा पक्ष राष्ट्रले टिपोट गरेको छ। पक्ष राष्ट्रले यस्तो रिट निवेदन न्याय प्राप्तिको सामान्य कानूनी प्रक्रिया नभई सोको पूरक भएको तर्क

गरेको छ। अन्य कुनै पनि कानूनी उपचार उपलब्ध नभएको तर शंकारहित तरिकाले तथ्य र कानूनी प्रश्न स्थापित भएको अवस्थामा मात्र रिट निवेदनको क्षेत्राधिकार आकर्षित हुन्छ। उजुरीकर्ताले बन्दीप्रत्यक्षीकरणको रिट निवेदन मार्फत सीधै सर्वोच्च अदालतमा प्रवेश गरेर घरेलु उपचार उपयोग गरिसकेको भनी गलत धारणा प्रस्तुत गरेकी छन्। जुनसुकै अवस्थामा पनि सर्वोच्च अदालतलाई आफ्नो निर्णय पुनरावलोकन गर्ने अधिकार हुन्छ तर उजुरीकर्ताले न्यायिक पुनरावलोकनको लागि प्रयास गरेको देखिदैन। आफ्नो मुद्दामा गरिएको निर्णय न्यायाधीशहरुले परिवर्तन गर्दैनन् भन्ने आफ्नो पूर्व अनुमानित विचारलाई उजुरीकर्ताले प्रस्तुत गरेकी छन्। सर्वोच्च अदालतले रिट निवेदनको क्षेत्राधिकार प्रयोग गरेबाट कुनै पनि व्यक्तिलाई साधारण कानूनी कारवाही अन्तर्गत उपचार खोज्न रोक लगाएको नमानिने कुरामा पक्ष राष्ट्रले जोड दिएको छ। कानूनी उपचारहरु उपलब्ध र प्रभावकारी छन्।

४.४ उजुरीकर्ताको पतिलाई पक्राउ गरिएको समयमा मुलुकमा संकटकालीन अवस्थाको घोषणा गरिएको कुरालाई स्वीकार गर्दै सो अवस्थाले कुनै पनि व्यक्तिलाई सामान्य कानूनी उपचार प्राप्त गर्नबाट बञ्चित नगरेको पक्ष राष्ट्रको तर्क छ। साथै, २०६३ साल मंसिर ५ गते हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौताले सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था गरेको छ र बेपत्ता भएका व्यक्तिहरुका सबै मुद्दाहरु हेर्ने आयोगको कार्यादेश हुनेछ।

४.५ अन्त्यमा, समिति समक्ष उजुरीकर्ताको प्रतिनिधित्व गर्ने कानून व्यवसायीलाई अख्तियारी भएको नदेखिएको भन्ने पक्ष राष्ट्रको तर्क छ।

४.६ मार्च ११, २००८ र जुन ५, २००८ मा पक्ष राष्ट्रलाई उजुरीको मुख्य कानूनी प्रश्नका सम्बन्धमा जानकारी पेश गर्न अनुरोध गरिएको थियो। सो जानकारी प्राप्त नगरेको भनी समितिले टिपोट गरेको छ। उजुरीकर्ताको दाबीको सम्बन्धमा कुनै पनि जानकारी उपलब्ध गराउन पक्ष राष्ट्र असफल भएकोमा समितिले खेद प्रकट गरेको छ। सम्बन्धित पक्ष राष्ट्रले अवलम्बन गरेको कुनै व्यवस्था र उपचार भएमा सो स्पष्ट हुने गरी स्वेच्छिक प्रोटोकल अन्तर्गत समिति समक्ष लिखित विवरण वा भनाई पेश गर्नुपर्ने कुरा समितिले स्मरण गरेको छ। पक्ष राष्ट्रको तर्फबाट कुनै पनि जवाफ प्राप्त नभएको अवस्थामा उजुरीकर्ताको आरोपहरुलाई रीतपूर्वक पुष्टि भएको हदसम्म उचित महत्व दिनुपर्छ।

**पक्ष राष्ट्रको धारणा माथि उजुरीकर्ताको प्रतिक्रिया**

५.१ जुन १०, २००८ मा उजुरीकर्ताले पक्ष राष्ट्रको दाबी विपरित प्रस्तुत मुद्दामा घरेलु उपचार उपयोग गरिसकेको तर्क राखेकी छन्। पहिलो: बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रुपमा परिभाषित नगरिएको कारणबाट सो सम्बन्धमा उपयोग गर्न घरेलु उपचार उपलब्ध नभएको कुरा उनले स्मरण गरेकी छन्। अन्तरिम संविधान अन्तर्गत बलपूर्वक बेपत्ता पार्ने कार्य उपर कुनै निश्चित प्रतिबन्ध लगाइएको छैन। सन् २००७ मा सर्वोच्च अदालतले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रुपमा परिभाषित गर्न जारी गरेको आदेश कार्यान्वयन गर्न सरकारले अझैसम्म कुनै कारवाही गरेको छैन। घरेलु कानूनी व्यवस्था अन्तर्गत आरोप लगाइएको अपराधको अनुसन्धान गर्न प्रहरी समक्ष जाहेरी दरखास्त दर्ता गर्न आवश्यक हुन्छ। तथापि, आरोप लगाइएको अपराधको सम्बन्धमा विभिन्न औपचारिक र अनौपचारिक स्रोत मार्फत पक्ष राष्ट्रलाई पर्याप्त जानकारी उपलब्ध थियो। वास्तवमा, पक्ष राष्ट्र आफैले "प्रस्तुत मुद्दा रिट निवेदनको माध्यमबाट उपचार प्राप्त गर्न सकिने प्रकृतिको मुद्दा नभएको र यसमा विस्तृत अनुसन्धान आवश्यक पर्ने देखिएको" भनी स्वीकार गरेको छ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीकृत अपराधको सम्बन्धमा मात्र जाहेरी दरखास्त दर्ता गर्न सकिने कुरालाई पक्ष राष्ट्रले उल्लेख गर्न सकेको छैन। बलपूर्वक बेपत्ता पार्ने कार्य उक्त सूचीमा समावेश छैन। अत: आफ्नो पतिलाई बलपूर्वक बेपत्ता पारिएको कसूरका सम्बन्धमा उजुरीकर्ताले जाहेरी दरखास्त दिन सम्भव छैन। साथै, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा यातनाको अपराध समावेश नभएको हुनाले आफ्नो पतिलाई दिइएको यातनाका सम्बन्धमा उजुरीकर्ताले जाहेरी दरखास्त दिन समेत सम्भव छैन। यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले "बेपत्ता पार्ने कार्य सम्बन्धी मुद्दा" मा पीडितको तर्फबाट निजका परिवारका सदस्यले उजुरी गर्न सक्ने व्यवस्था गरेको भए तापनि सम्बन्धित जिल्ला अदालतलाई शारीरिक वा मानसिक परीक्षण प्रतिवेदनको प्रति उपलब्ध गराउनुपर्ने हुँदा ऐनले खोजे बमोजिमको प्रमाणको भार पुर्‍याउन असम्भव नै हुन्छ। पक्ष राष्ट्रले उजुरीकर्तालाई देवानी कार्यविधि उपलब्ध भएको भनी उल्लेख गरेको भए तापनि उपलब्ध निश्चित उपचारहरु सूचीकृत गर्न सकेको छैन। तसर्थ, विद्यमान कानूनी प्रणालीमा उजुरीकर्ताले अधिकार प्राप्त अधिकारी समक्ष उजुरी पेश गर्न सक्ने गरी आवश्यक संयन्त्रको अभाव भएकोले उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको सम्बन्धमा घरेलु कानून अन्तर्गत उपचार प्राप्त गर्न उजुरीकर्तालई असम्भव नै छ।

५.२ बेपत्ता पार्ने कार्य सम्बन्धी केही मुद्दाहरुमा बेपत्ता भएका व्यक्तिको हिरासतमा नै मृत्यु भएको थाहा भएमा पीडितका नातेदारले सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत ज्यान सम्बन्धी अभियोगको मुद्दामा जाहेरी दरखास्त दर्ता गर्ने प्रयत्न गरेका थिए। तथापि, धेरै मुद्दाहरुमा मृत शरीर उपलब्ध नभएको कारणबाट व्यक्तिको मृत्यु भएको तथ्य स्थापित गर्न सकिंदैन भन्ने तथ्यको आधारमा हेर्दा ज्यान सम्बन्धी मुद्दा वा गैरकानूनी मृत्युको सम्बन्धमा दायर गरिने जाहेरी दरखास्तले सफल अनुसन्धान र अभियोजन हुन सक्ने सम्भावना छैन। जाहेरी

दरखास्त दायर गर्नाले केही मुद्दा (बेपत्ता पार्ने कार्य सम्बन्धी मुद्दामा मात्र नभई) मा जाहेरवाला र उनको परिवारलाई जाहेरी दरखास्त फिर्ता लिन धम्की आउने गरेको पनि पाइएको छ।[६] साथै, प्रहरीले विभिन्न कारणले गर्दा जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गर्ने गरेको छ। केही अवस्थामा, राजनीतिक विषयको मुद्दा भएकोले वा जिल्लामा नै कार्यरत प्रहरी अधिकृत भन्दा वरिष्ठ सेनाका अधिकृत विरुद्धको उजुरी भएकाले कारवाही गर्न नसकिने भनी प्रहरीले भन्ने गरेको पनि पाइन्छ। प्रहरीले जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेमा प्रमुख जिल्ला अधिकारी समक्ष र त्यपछि पुनरावेदन अदालतमा पनि उजुरी गर्न सकिन्छ। तथापि, थुप्रै मुद्दाहरुमा प्रमुख जिल्ला अधिकारीले जाहेरी दरखास्त दर्ता गर्न आदेश दिए तापनि जिल्ला प्रहरी कार्यालयले कारवाही गर्न निरन्तर रुपमा इन्कार गर्ने गरेकाले यी उजुरीका तहहरु प्रभावकारी छैनन्।

५.३ पक्ष राष्ट्रले घरेलु न्याय प्रणालीले उपयुक्त रुपमा काम गरिरहेको भन्ने दाबी गरेको भए तापनि उजुरीकर्ताले आफ्नो पतिको "बेपत्ता" सम्बन्धमा जनवरी २००२ मा जाहेरी दरखास्त दर्ता गर्न सकेको नै भए तापनि नोभेम्बर २००३ मा सरकारले शाही नेपाली सेनाको आदेशमा संचालन हुने गरी प्रहरी र अर्ध सैन्य सशस्त्र प्रहरी बल रहने गरी एकीकृत आदेश संरचना गठन गरेपछि प्रहरी अनुसन्धानमा भएका जुनसुकै प्रगति पनि रोकावट हुने परिस्थिति थियो। यसको अर्थ हो, सेनाले गरेको कारवाहीको सम्बन्धमा प्रहरीमा दर्ता गरिएको जाहेरी दरखास्तको आधारमा स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुन सक्दैनथ्यो। सो अवधिमा थोरै मात्र व्यक्तिहरुले प्रहरी समक्ष पुग्ने साहस गर्दथे र कसैले त्यस्तो गरेमा सेनाको कारवाहीमा अनुसन्धान गर्ने अधिकार प्रहरीलाई नभएको प्रतिक्रिया प्राप्त हुन्थ्यो। नोभेम्बर २००१ र

[६] हेर्नुहोस् बलपूर्वक वा अस्वेच्छिक बेपत्ताको कार्यदलको जनवरी ८, २००५ को प्रतिवेदन, E/CN.4/2005/65, प्रकरण २६।

नोभेम्बर २००२ बीचको समयमा संकटकालीन अवस्था रहेको पनि उजुरीकर्ताले स्मरण गरेकी छन्। तसर्थ, संकटकालीन अवस्थाको कारणले कानूनी व्यवस्थामा नै प्रतिबन्ध लगाइएको र द्वन्द्वको स्थितिले गर्दा व्यक्तिगत सुरक्षाको थप डर सिर्जना भएको दुवै कारणले गर्दा न्यायमा पहुँचलाई सीमित गरिएको समयमा उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको स्पष्ट हुन्छ। उजुरीकर्ताको पतिलाई पक्राउ गरेको लगत्तै पछि दण्डात्मक उपायस्वरुप एक वर्ष सम्म उनको टेलिफोन सम्पर्क विच्छेद गराइएको र यसबाट आवश्यक परेको बखत वा उनलाई धम्की दिइएको समयमा अन्य मानिससँग सम्पर्क गर्ने कुनै पनि माध्यम उजुरीकर्तालाई उपलब्ध थिएन।

५.४ गैरकानूनी मृत्यु/हत्याको सम्बन्धमा जाहेरी दरखास्त दर्ता गर्ने सम्भावनाको सम्बन्धमा सुरक्षा बलको हिरासतबाट भाग्ने प्रयत्न गर्दा उजुरीकर्ताको पतिको मृत्यु भएको तथ्य स्थापित नभएको कुरालाई उजुरीकर्ताले जोड दिएकी छन्। त्यसैले, गैरकानूनी मृत्युको लागि जाहेरी दरखास्त दिन उजुरीकर्ता बाध्य थिइनन्। उनको पतिलाई बेपत्ता पारिएको र हत्या गरिएको भन्ने अभियोगको बारेमा सो समयमा उनको पतिलाई बेपत्ता पारिएको सम्बन्धी लेख समाचार र बन्दी प्रत्यक्षीकरणको निवेदन दायर गरिएकोबाट पक्ष राष्ट्रलाई पूर्ण जानकारी थियो। आफ्नो जानकारीमा आएका सबै शंकास्पद क्रियाकलापको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु सरकारी मुद्दा सम्बन्धी ऐनको दफा ७ र ९ र सरकारी मुद्दा सम्बन्धी नियमावलीको नियम ४(५) र (६) अन्तर्गत जिल्ला प्रहरी कार्यालयको दायित्व हुन्छ। तसर्थ, जाहेरी दरखास्त दायर नभएको अवस्थामा पनि उजुरीकर्ताको पतिको हत्या गरिएको भनी आरोप लगाएको परिस्थिति उपर पूर्ण अनुसन्धान गर्ने दायित्व पक्ष राष्ट्रको हुन्छ।

5.5 उनले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरे तापनि सर्वोच्च अदालतले आदेश गरे बमोजिमका उजुरीकर्ताको पति रहेको स्थान पत्ता लगाउन गरिएको अनुसन्धान पूर्वाग्रही र प्रभावहीन थियो भन्ने कुरा उजुरीकर्ताले स्मरण गरेकी छन्। पक्ष राष्ट्रले सुझाव दिए बमोजिम प्रस्तुत मुद्दामा विकसित भएका उपर्युक्त कारणका आधारमा अदालती निर्णय भैनरहेका कारणले गर्दा उनले सर्वोच्च अदालतमा पुनरावलोकनको लागि निवेदन दिन नसकेको भन्ने उनको तर्क छ। घरेलु कानूनमा "बेपत्ता पार्ने कार्य" लाई अपराधको रुपमा परिभाषित नगरिएकोले आफ्नो पतिलाई "बेपत्ता पारिएको" सम्बन्धमा उजुरीकर्ताले उजुरी गर्न सकिनन्। आफ्नो पुनरावेदन उपर थप स्वतन्त्र तवरले कारवाही हुने कुरामा विश्वास गर्ने कुनै सारभूत कारण नदेखेकोले उजुरीकर्ताले सर्वोच्च अदालतको रिट निवेदन खारेज गर्ने निर्णय विरुद्ध पुनरावेदन पनि गरिनन्। सर्वोच्च अदालतको निर्णयलाई पुनरावलोकन गराउन रिट निवेदकले नयाँ तथ्य र प्रमाण देखाउनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा त्यस्तो स्थिति थिएन। साथै, बन्दीप्रत्यक्षकरणको रिट निवेदन खारेज गर्ने न्यायाधीशबाट नै त्यस्तो निर्णयको पुनरावलोकन हुन सक्थ्यो। यसले मुद्दाको प्रभावकारी पुनरावलोकन हुन सक्ने सम्भावनालाई आमूल रुपमा संकुचन गर्‍यो। यस्ता कार्यविधिगत समस्याहरु नेपालमा रिट निवेदकहरुले बन्दीप्रत्यक्षीकरणका निवेदन खारेज गर्ने निर्णयको पुनरावलोकन माग गर्ने अभ्यास खासै नभएको तथ्यमा प्रतिबिम्बित छन् ।

5.6 राष्ट्रिय मानव अधिकार आयोग समक्ष निवेदन दिएको कुरा उजुरीकर्ताले स्मरण गरेकी छन्। उनको उजुरी सेप्टेम्बर १३, २००२ मा दर्ता भएको थियो। मे १५, २००८ मा अनुसन्धान अन्तिम चरणमा रहेको भनी उनलाई जानकारी गराइएको थियो। जुनसुकै अवस्थामा पनि राष्ट्रिय मानव अधिकार आयोगको अधिकार सीमित छ। तथापि, बाध्यात्मक निर्णय गर्ने अधिकार राष्ट्रिय मानव अधिकार आयोगलाई छैन। राष्ट्रिय मानव अधिकार

आयोगका कयौं निर्णयहरुलाई बेवास्ता गरिएको छ। मलेगु समितिको सम्बन्धमा समितिले गरेको अनुसन्धान सन्तोषजनक नभएको उजुरीकर्ताको तर्क छ। सशस्त्र बलबाट भाग्ने प्रयत्न गर्दा उजुरीकर्ताको पति डुबेको भन्ने प्रमुख जिल्ला अधिकारीको प्रतिक्रियालाई नै समितिले उद्दरण गरेको छ। पक्ष राष्ट्रले भविष्यमा गठन गरिने भनी उल्लेख गरेको सत्यनिरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा, आयोग अझै गठन भई नसकेको र विद्यमान उपचार नभएको कारणले गर्दा उक्त जानकारी प्रस्तुत मुद्दाको ग्राह्यताको सम्बन्धमा सान्दर्भिक नभएको उजुरीकर्ताको भनाई छ।

5.7 अन्त्यमा, उजुरीकर्ताबाट उजुरी दायर गर्ने सम्बन्धमा दिइएको अख्तियारीको सम्बन्धमा समितिमा पेश गरिएको उजुरीको मूल प्रतिमा उनले नै हस्ताक्षर गरेको कुरा उजुरीकर्ताले औंल्याएकी छन्।

## समिति समक्ष विचाराधीन प्रश्न र कार्यविधि

### उजुरीको ग्राह्यताका सम्बन्धमा

६.१ उजुरीमा गरिएको दाबी उपर विचार गर्नुभन्दा पहिले मानव अधिकार समितिले समितिको आफ्नो कार्यविधि सम्वन्धी नियमको नियम ९३ अनुसार उक्त उजुरी प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अनुरूप ग्रहणयोग्य भए/ नभएको निर्णय गर्नु अनिवार्य हुन्छ।

६.२ स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ को खण्ड (क) को शर्त अनुसार प्रस्तुत उजुरी अर्को कुनै अन्तर्राष्ट्रिय अनुसन्धान वा विवाद समाधान गर्ने सम्बन्धी प्रकृया अन्तर्गत परीक्षणको लागि विचाराधीन नरहेको समितिले ठहर गरेको छ।

६.३ घरेलु उपचार उपयोग हुनुपर्ने शर्तका सम्बन्धमा उजुरीकर्ताले प्रहरी समक्ष जाहेरी दरखास्त दर्ता नगरेको भन्ने पक्ष राष्ट्रको तर्क समितिले टिपोट गरेको छ। यद्यपि, प्रहरीमा जाहेरी दरखास्त दर्ता गरेको भए तापनि सम्बन्धित व्यक्तिको बेपत्ता सम्बन्धमा अनुसन्धान हुन सक्ने सम्भावना न्यून रहेको उजुरीकर्ताको तर्क पनि समितिले टिपोट गरेको छ। उजुरीकर्ताले बाग्लुङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालय समेतमा धेरै पटक सोधपुछ गरेको समेत समितिले टिपोट गरेको छ (माथि प्रकरण २.५ हेर्नुहोस्)। फेब्रुअरी ४, २००३ मा उनले सर्वोच्च अदालतमा दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन उजुरीकर्ताको पतिको बेपत्ता सम्बन्धी परिस्थिति स्पष्ट नहुँदै दुई वर्षपछि खारेज गरिएको थियो। राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दर्ता भएको ६ वर्षपछि सम्म पनि अनुसन्धान चलिरहेको कुरा समेत समितिले टिपोट गरेको छ। यस परिस्थितिमा उजुरीकर्ताले स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ (ख) अन्तर्गतको शर्त पूरा गरेको भन्ने समितिको निष्कर्ष रहेको छ।

६.4 अख्तियारीको विषयको सम्बन्धमा, कानून व्यवसायीले समिति समक्ष पेश गरेको उजुरीको मूल प्रतिमा उजुरीकर्ताको हस्ताक्षर भएको कुरा समितिले टिपोट गरेको छ। तसर्थ, कानून व्यवसायीलाई उजुरीकर्ताले समिति समक्ष आफ्नो उजुरी पेश गर्न रितपूर्वक अख्तियारी दिएको समितिको निष्कर्ष छ।

६.५ यी परिस्थितिहरुको आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण २ (ख) अन्तर्गत समितिले उजुरीलाई ग्राह्य मानेको छ। समितिले उजुरीलाई अग्राह्य मान्नुपर्ने अन्य कुनै

कारण नदेखिएकोले मुख्य कानूनी प्रश्नको सम्बन्धमा धारा ६, धारा ९, धारा १० र धारा २ को प्रकरण ३ अन्तर्गत जाँचबुझको कारवाही अगाडि बढाएको छ ।

**मूल कानूनी प्रश्नका सम्बन्धमा**

७.१ मानव अधिकार समितिलाई उपलब्ध गराइएको सबै जानकारीको आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण १ को प्रावधान अनुरूप उजुरी उपर समितिले जाँचबुझ र विचार गरेको छ ।

७.२ उजुरीकर्ताको पतिको अज्ञात हिरासतको सम्बन्धमा बाहिरी संसारसँगको सम्पर्कबाट बञ्चित गरी राखेकोबाट पर्न गएको पीडाको गाम्भिर्यतालाई समितिले विचार गरेको छ। समितिले धारा ७ को आफ्नो सामान्य टिप्पणी नं २० को स्मरण गरेको छ, जसमा समितिले पक्ष राष्ट्रहरुलाई अज्ञात हिरासत विरुद्ध व्यवस्था गर्न सिफारिश गरेको छ। आफ्नो पतिलाई जनवरी १२, २००२ देखि उनको मृत्यु भएको भनिएको जनवरी २१, २००२ सम्म अज्ञात हिरासतमा राखिएको उजुरीकर्ताको दाबीलाई समितिले टिपोट गरेको छ। उजुरीकर्ताले आफ्नो पतिलाई सेनाको ब्यारेकमा लगेको आफूले देखेको भन्ने कुरालाई पनि समितिले टिपोट गरेको छ। यस्तो परिस्थितिमा र पक्ष राष्ट्रको तर्फबाट यस सम्बन्धमा कुनै पनि विवरण प्राप्त नभएकोले उजुरीकर्ताको आरोपलाई उचित महत्व दिनुपर्ने हुन्छ। उजुरीकर्ताको पतिलाई उनको परिवार र बाहिरी संसारसँगको सम्पर्कबाट बञ्चित गरी थुनामा राख्ने कार्यबाट प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको भन्ने समितिको निष्कर्ष छ।[७]

[७] हेर्नुहोस् उजुरी नं ५४०/१९९३, Laureano v. Peru, मार्च २५, १९९६ मा पारित अभिमत, प्रकरण ८.५; र उजुरी नं ४५८/१९९१, Mukong v. Cameroon, जुलाई २१, १९९४ मा पारित अभिमत, प्रकरण ९.४।

७.३ धारा ९ को उल्लघंन भएको भन्ने आरोपको सम्बन्धमा, समिति समक्ष उपलब्ध जानकारी अनुसार उजुरीकर्ताको पतिलाई सेनाको पोशाक लगाएका व्यक्तिहरुले पक्राउपूर्जी बिना नै पक्राउ गरेको र पक्राउको कारण वा उनी विरुद्धको अभियोगको जानकारी नै नदिई अज्ञात रुपमा राखेको देखिन्छ। उनलाई कुनै न्यायाधीश समक्ष उपस्थित नगराइएको र उनले आफ्नो थुनाको वैधानिकतालाई चूनौति दिन नसकेको कुरा समितिले स्मरण गरेको छ। पक्ष राष्ट्रको तर्फबाट कुनै सान्दर्भिक पुष्ट्याई नदिइएको अवस्थामा धारा ९ को उल्लंघन भएको समितिको विचार छ।[८]

७.४ उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको भन्ने आरोपका सम्बन्धमा, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ७, प्रकरण २ (झ) मा गरिएको बलपूर्वक बेपत्ता पार्ने कार्यको परिभाषालाई समितिले स्मरण गरेको छ: "कानूनको संरक्षणबाट बञ्चित गर्ने उद्देश्यले राष्ट्र वा राजनीतिक संगठनको अख्तियारीबाट वा अख्तियारी, समर्थन वा अप्रत्यक्ष सहमतिले कुनै व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने, वा अपहरण गर्ने र त्यसपछि त्यस्ता व्यक्तिलाई स्वतन्त्रताबाट बञ्चित गरिएको कुरा अस्वीकार गर्ने वा त्यस्तो व्यक्तिको बारेमा वा निजलाई राखिएको स्थानको बारेमा जानकारी दिन इन्कार गर्ने कार्यलाई व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य भनिन्छ।" त्यस्तो बेपत्ता पार्ने कार्यले प्रतिज्ञापत्रमा व्यवस्था भएको व्यक्तिको स्वतन्त्रता र सुरक्षा सम्बन्धी अधिकार (धारा ९), यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार (धारा ७) र स्वतन्त्रताबाट बञ्चित सबै व्यक्तिहरुलाई मानवीय व्यवहार गरिने र मानवको अन्तर्निहित मर्यादाको सम्मान गर्ने अधिकार (धारा १०) समेतका थुप्रै अधिकारहरु उल्लंघन गरेको छ । यसले जीवनको अधिकार (धारा ६) समेतको उल्लंघन गरेको वा सो अधिकारमाथि गम्भीर चूनौति सिर्जना

[८] हेर्नुहोस् उजुरी नं १२९७/२००४, Medjnoune v. Algeria, जुलाई १४, २००६ मा पारित अभिमत, प्रकरण ८.५।

गरेको छ।[९] प्रस्तुत मुद्दामा जनवरी १२, २००२ देखि उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको सम्बन्धमा धारा २ को प्रकरण ३, धारा ६, धारा ७, धारा ९ र धारा १० आकर्षित हुने उजुरीकर्ताले उल्लेख गरेकी छन्।

७.५ उजुरीकर्ताको पतिलाई बलपूर्वक बेपत्ता पारिएको भन्ने आरोपका सम्बन्धमा, पक्ष राष्ट्रले कुनै पनि जवाफ नदिएको कुरा समितिले टिपोट गरेको छ। उजुरीकर्ता र पक्ष राष्ट्रको प्रमाणमा समान पहुँच नहुने र कतिपय सम्बन्धित जानकारीमा प्राय: पक्ष राष्ट्रको मात्र पहुँच हुने हुनाले प्रमाणको भार पूर्ण रुपमा उजुरीकर्तामा नहुने कुरालाई समितिले जोड दिएको छ।[१०] प्रतिज्ञापत्रको उल्लंघन सम्बन्धी पक्ष राष्ट्र र राष्ट्रका प्रतिनिधिहरु बिरुद्धका सबै अभियोगको असल नियतले अनुसन्धान गर्ने र आफूलाई उपलब्ध जानकारी समिति समक्ष पेश गर्ने पक्ष राष्ट्रको दायित्व हुने कुरा स्वेच्छिक प्रोटोकलको धारा ४ को प्रकरण २ मा उल्लेख गरिएको छ। उजुरीकर्ताले पेश गरेका विश्वसनीय प्रमाणले सबै अभियोगको पुष्टि गरेमा र थप पुष्ट्याई पक्ष राष्ट्रको हातमा मात्रै रहेको जानकारीमा आधारित हुने अवस्थामा पक्ष राष्ट्रले अन्यथा प्रमाणित हुने गरी सन्तोषजनक प्रमाण वा कारण प्रस्तुत गर्न नसकेको अवस्थामा समितिले उजुरीकर्ताले लगाएको आरोप पुष्टि भएको भनी विचार गर्न सक्छ।

७.६ प्रस्तुत मुद्दामा, उजुरीकर्ताले आफ्नो पति जनवरी १४, २००३ मा आफूले आफ्नो पतिलाई अन्तिम पटक देखेको कालीदल गुल्म सेनाको ब्यारेकमा बेपत्ता पारिएको जानकारी समितिलाई दिएकी छन्। उनलाई सैनिकले सेनाको ब्यारेकमा जनवरी २०, २००२ मा देखेको हुन सक्छ। जनवरी २३, २००२ मा उजुरीकर्तालाई उनको पति भाग्ने क्रममा

---

[९] हेर्नुहोस् उजुरी नं ९५०/२०००, Sarma v. Sri Lanka, जुलाई १६, २००३ मा पारित अभिमत, प्रकरण ९.३।

[१०] हेर्नुहोस् उजुरी नं १३९/१९८३, Conteris v. Uruguay, जुलाई १७, १९८५ मा पारित अभिमत, प्रकरण ७.२; र उजुरी नं १२७९/२००४, Medjnoune v. Algeria, जुलाई १४, २००६ मा पारित अभिमत, प्रकरण ८.३।

नदीमा डुबेको र उनको मृत्यु भएको भनिएको थियो। तापनि अझैसम्म पनि उनको मृत्युको एकिन परिस्थिति र सो भन्दा अघिको समयमा उनलाई के भयो भन्ने उजुरीकर्तालाई जानकारी छैन। उजरीकर्ताका पतिलाई बेपत्ता पारिएको भन्ने सम्बन्धमा पक्ष राष्ट्रले कुनै टिप्पणी नगरेको हुनाले समितिले उक्त बेपत्ता पार्ने कार्यले धारा ७ को उल्लंघन गरेको ठहर गरेको छ।

७.७ धारा १० को उल्लंघन गरिएको भन्ने आरोपका सम्बन्धमा, आफ्नो पति बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित भएकोले यस व्यवस्था अन्तर्गत उनको अधिकार उल्लंघन भएको उजुरीकर्ताको तर्कलाई समितिले टिपोट गरेको छ। स्वतन्त्रताबाट बञ्चित सबै व्यक्तिहरुलाई मानवीय व्यवहार गरिने र मानवको अन्तर्निहित मर्यादाको सम्मान गर्ने अधिकार हुने व्यवस्था समितिले स्मरण गरेको छ। प्रस्तुत मुद्दामा पक्ष राष्ट्रको हिरासतमा रहँदा उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको र मारिएको समेत हुनसक्ने देखिन्छ। उजरीकर्ताका पतिलाई बेपत्ता पारिएको भन्ने सम्बन्धमा पक्ष राष्ट्रले कुनै टिप्पणी नगरेको अवस्थामा समितिले उक्त बेपत्ता पार्ने कार्यले धारा १० को उल्लंघन गरेको ठहर गरेको छ।

७.८ प्रतिज्ञापत्रको धारा ६ को सम्भावित उल्लंघनका सम्बन्धमा, उजुरीकर्ता र पक्ष राष्ट्र दुवैले उजुरीकर्ताको पतिको मृत्यु भएको स्वीकार गरेको देखिन्छ। यद्यपि, धारा ६ लाई आकर्षित गर्दा उजुरीकर्ताले आफ्नो पति आउने आश नमारेको भन्दै उनको रिहाईको लागि समेत अनुरोध गरेको देखिन्छ। यस्तो परस्थितिमा मूलत: घटनाको कुनै औपचारिक जाँचबुझ नभएकोमा उजुरीकर्ताको पतिको मृत्युको परस्थितिको अनुमान गर्न नसकिने समितिको विचार छ। जहाँसम्म पक्ष राष्ट्रको प्रकरण ९ अन्तर्गतको दायित्व छ त्यस्तो नतीजा भए वा नभएमा

पनि सो दायित्व समान रुपमा नै कायम रहन्छ। प्रस्तुत मुद्दामा धारा ६ को सम्बन्धमा ठहर गर्न उपयुक्त नभएको समितिको विचार छ।

७.९ उजुरीकर्ताको आफ्नै हकमा, आफ्नो पतिलाई बेपत्ता पारिएकोबाट जनवरी १२, २००२ देखि उजुरीकर्ताले भोग्नु परेको दु:ख र पीडालाई समितिले टिपोट गरेको छ। तसर्थ समिति समक्ष पेश भएको तथ्यले स्वयम् उजुरीकर्ताको हकमा प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको देखाउँछ भन्ने समितिको विचार छ।[११]

७.१० उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ को साहरा लिएकी छन्। सो व्यवस्था अनुसार पक्ष राष्ट्रहरुले प्रतिज्ञापत्रबाट स्थापित अधिकारहरुको उपभोग गर्न व्यक्तिहरुले पहुँचयोग्य, प्रभावकारी र कार्यान्वयनयोग्य उपचार प्राप्त गरेको कुरा सुनिश्चित गर्नुपर्ने हुन्छ। पक्ष राष्ट्रहरुले अधिकारहरुको आरोपित उल्लंघनलाई सम्बोधन गर्न घरेलु कानून अन्तर्गत गठन गर्ने न्यायिक र प्रशासनिक संयन्त्रको महत्वलाई समितिले उल्लेख गरेको छ। समितिले प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुको सामान्य कानूनी दायित्वहरुको प्रकृतिका सम्बन्धमा आफ्नो सामान्य टिप्पणी नं. ३१ लाई उद्धृत गरेको छ, जसमा उल्लंघनको अभियोगको अनुसन्धान गर्न पक्ष राष्ट्र असफल भएमा सोबाट प्रतिज्ञापत्रको छुट्टै उल्लंघन हुन्छ भनी उल्लेख छ।[१२] प्रस्तुत मुद्दामा समिति समक्ष भएको जानकारीले त्यस्तो प्रभावकारी उपचारमा उजुरीकर्ताको पहुँच नभएको संकेत गरेको छ र समिति समक्ष प्रस्तुत तथ्यहरुबाट उजुरीकर्ताको पतिको हकमा धारा ७, ९ र १० को साथसाथै धारा २ को प्रकरण ३ र

[११] हेर्नुहोस् उजुरी नं १०७/१९८१, Quinteros v. Uruguay, जुलाई २१, १९८३ मा पारित अभिमत, प्रकरण १४; र उजुरी नं ९५०/२०००, Sarma v. Sri lanka, जुलाई १६, २००३ मा पारित अभिमत, प्रकरण ९.५।

[१२] प्रकरण १५ हेर्नुहोस्।

उजुरीकर्ताको आफ्नै हकमा धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ उल्लंघन भएको देखिएको भन्ने समितिको निष्कर्ष छ।[१३]

८. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५ को प्रकरण ४ अन्तर्गतको मानव अधिकार समिति समक्ष प्रस्तुत जानकारी अनुसार पक्ष राष्ट्रले उजुरीकर्ताको पतिको हकमा प्रतिज्ञापत्रको धारा ७, ९ र १० र धारा ७, ९, र १० को साथसाथै धारा २ को प्रकरण ३, र उजुरीकर्ताको हकमा धारा ७ र धारा ७ को साथसाथै धारा २ को प्रकरण ३ को उल्लंघन गरेको मानव अधिकार समितिको विचार छ।

९. प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ को व्यवस्था अनुसार उजुरीकर्तालाई प्रभावकारी कानूनी उपचारको व्यवस्था मिलाउने, उजुरीकर्ताको पतिलाई बेपत्ता पार्ने कार्य र निजको ठेगानाको बारेमा विस्तृत र प्रभावकारी अनुसन्धान गर्ने, उनी जीवितै भएमा तत्काल थुना मुक्त गर्ने, उजुरीकर्ता र उनको परिवारलाई अनुसन्धानबाट प्राप्त पर्याप्त जानकारी र उपर्युक्त उल्लंघनबाट उजुरीकर्ता र उनको परिवारलाई हुन गएको हानिको लागि पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने समेत पक्ष राष्ट्रको दायित्व हो। प्रतिज्ञापत्रले अर्को व्यक्ति बिरुद्ध फौजदारी अभियोजन गर्न राष्ट्र समक्ष माग गर्ने अधिकार कुनै पनि व्यक्तिलाई दिएको छैन।[१४] तथापि समितिले मानव अधिकारको उल्लंघनको मात्र नभई मूलत: बलपूर्वक बेपत्ता पार्ने कार्य गरेको र यातना दिएको भन्ने आरोप समेतको विस्तृत अनुसन्धान गर्न र त्यस्तो उल्लंघनको जिम्मेवार व्यक्तिलाई अभियोजन, मुद्दाको कारवाही र सजाय दिन समेत पक्ष राष्ट्रले दायित्व

---

[१३] हेर्नुहोस् उजुरी नं १३२७/२००४, Grioua v. Algeria, जुलाई १०, २००७ मा पारित अभिमत, प्रकरण ७.१०।

[१४] हेर्नुहोस् उजुरी नं २१३/१९८६, H.C.M.A. v. The Netherlands, मार्च ३०, १९८९ मा पारित अभिमत, प्रकरण ११.६; र उजुरी नं ६१२/१९९५, Vicente et al. v. Colombia, जुलाई २९, १९९७ मा पारित अभिमत, प्रकरण ८.८।

बहन गर्नुपर्ने समितिको ठहर छ।[१५] यस प्रकारका उल्लंघनका घटनाहरू भविष्यमा नघटुन् भनी रोक्ने दायित्व पनि पक्ष राष्ट्रको हुन्छ।

१०. स्वेच्छिक प्रोटोकलको पक्ष राष्ट्र भएर पक्ष राष्ट्रले प्रतिज्ञापत्रको उल्लंघन भए नभएको एकीन गर्ने समितिको सक्षमता स्वीकार गरेको कुरालाई ध्यानमा राख्दै प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकार सुनिश्चित गर्ने र उक्त अधिकार उल्लंघन भएको पुष्टि भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलव्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको अभिमत कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रबाट अपनाइएका उपायहरूको बारेमा १८० दिन भित्र जानकारी प्राप्त गर्ने अपेक्षा समितिले गरेको छ । साथै, यी अभिमतहरूलाई प्रकाशन गर्न पनि पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।

(अँग्रेजी पाठ मूल प्रतिको रूपमा रहने गरी अँग्रेजी, फ्रेन्च र स्पेनिया भाषामा पारित गरिएको। त्यसपछि समितिले महासभामा प्रस्तुत गर्ने वार्षिक प्रतिवेदन अरबी, चिनियाँ तथा रुसी भाषामा पनि प्रकाशित हुने।)

[१५] हेर्नुहोस् उजुरी नं ११९६/२००३, Boucherf v. Algeria, मार्च ३०, २००६ मा पारित अभिमत, प्रकरण ११; र उजुरी नं १२९७/२००४, Medjnoune v. Algeria, जुलाई १४, २००६ मा पारित अभिमत, प्रकरण १०।